## सम्वत् २०८१ साल साउन ९ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरु:

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश निजामती सेवा नियमावली, २०८१ स्वीकृत गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः कोशी प्रदेश गुनासो व्यवस्थापन निर्देशिका, २०८१ स्वीकृत गर्ने।

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश किताबखाना (कार्यसञ्चालन) (प्रथम संशोधन) निर्देशिका, २०८१ स्वीकृत गर्ने।

४. आन्तरिक मामिला तथा कानून मन्त्रालयः विपदबाट भएको क्षतिको खोज, उद्धार तथा राहत वितण सम्बन्धी (दोस्रो संशोधन) मापदण्ड, २०८१ स्वीकृत गर्ने।

## सम्वत् २०८१ साल साउन १७ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरु:

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरणको सदस्यमा श्री निता कुमारी भट्टराई प्याकुरेल सहित ३ जना सदस्य मनोनयन गर्ने।

२. उद्योग, कृषि तथा सहकारी मन्त्रालयः प्रदेश सरकारलाई आर्थिक भार नपर्ने गरी उद्योग, कृषि तथा सहकारी मन्त्रालयका प्रदेश सचिव डा. लेखराज दाहाललाई भारतको महाराष्ट्र हैदराबाद तथा हरियाणामा मिति २०८१।०५।०२ गते देखि २०८१।०५।०८ (तदनुसार १८-२४ अगष्ट, २०२४) सम्म ७ दिन संचालन हुने वैदेशिक अध्ययन अवलोकन भ्रमण कार्यक्रममा मनोनयन गर्ने।

३. स्वास्थ्य मन्त्रालयः आयुर्वेद चिकित्सा सेवा, जडीबुटी, शिक्षा तथा अध्ययन अनुसन्धान सम्भाव्यता अध्ययन तथा कार्ययोजना तर्जुमा कार्यदल, २०८१ गठन गर्ने।

## सम्वत् २०८१ साल साउन २४ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

१. आन्तरिक मामिला तथा कानून मन्त्रालयः ३० औं अन्तर्राष्ट्रिय विश्व आदिवासी जनजाति दिवसको उपलक्ष्यलाई उत्सवका रुपमा मनाउन प्रदेश भित्रका सवै सरकारी कार्यालय, स्थानीय तह, सार्वजनिक संस्थान, प्रतिष्ठान र शैक्षिक संस्थामा मिति २०८१ साल श्रावण महिना २५ (अगस्ट ९, २०२४) गते सार्वजनिक विदा दिने।



*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*